
annapurnapost.com
# अन्नपूर्ण पोस्ट
वर्ष २३, अंक १३३ पृष्ठ ८ | काठमाडौं, मंगलबार २५ भदौ २०८१ | भाद्र शुक्लपक्ष सप्तमी नेपाल संवत् ११४४ | TUESDAY, SEPTEMBER 10, 2024 | काठमाडौं, इटहरी, बुटवल र कोहलपुरबाट एकैसाथ प्रकाशित| मूल्य : रु. १०




गुगल अर्थबाट लिइएको पशुपतिनाथ क्षेत्र र बागमती नदीको नक्सा। बागमतीको डिलबाट ४० मिटर नाप्दा आराध्यदेव पशुपतिनाथको मन्दिर नै हटाउनुपर्ने दूरीमा परेको छ (हेर्नुहोस् नक्सा)। अदालतको आदेश र त्यसलाई कार्यान्वयन गर्ने काठमाडौं महानगरको निर्देशन यहाँनिर कसरी पालना गर्न सम्भव हुन्छ?

कभर स्टोरी

### नदी किनारसम्बन्धी अव्यावहारिक फैसला

# प्रधानमन्त्रीको प्रश्न, 'पशुपतिनाथ कहाँ सार्ने ?'

काठमाडौं उपत्यकाका नदी किनारमा जग्गा छाड्नुपर्ने मापदण्ड २० मिटर बढाउन अदालतले आदेश दिएपछि पीडितहरू आन्दोलित छन्। यसले करिब ८० हजार घर-जग्गा खोसिने र ६ लाख नागरिक सुकुम्बासी हुने अवस्था आएको छ। काठमाडौं महानगरका मेयर बालेन्द्र शाहले त्यो मापदण्ड लागू गराउन सूचना जारी गरेपछि समस्याले झन् उग्ररूप लिएको छ। यसै सन्दर्भमा पीडितले सोमबार प्रधानमन्त्री केपी शर्मा ओलीलाई भेटेर समस्या राखेका छन्। प्रधानमन्त्री ओलीले सरकार यसको पुनरावलोकनमा जाने बताउँदै प्रश्न गरेका छन्, 'उसो भए पशुपति कहाँ सार्ने त ? '

राजकरण महतो | *काठमाडौं*
- को रिपोर्ट

समाचार पृष्ठ २

## मेलम्ची भ्रष्टाचारमा तत्कालीन सचिव गजेन्द्र ठाकुरसहित ४ जना दोषी ठहर

**काठमाडौं** (अन्नपूर्ण) : मेलम्ची खानेपानी आयोजनाको भ्रष्टाचार मुद्दामा ४ जना दोषी ठहर भएका छन्। अख्तियार दुरुपयोग अनुसन्धान आयोगले २०८० फागुन ६ मेलम्चीमा भ्रष्टाचार भएको आरोप लगाउँदै चार पूर्वसचिवसहित १५ जनाविरुद्ध विशेष अदालतमा मुद्दा दायर गरेको थियो। अख्तियारले परामर्शदाता र निर्माण कम्पनीलाई पनि मुद्दामा प्रतिवादी बनाएको थियो।

विशेष अदालतका अध्यक्ष टेकनारायण कुँवर, सदस्यहरू तेजनारायण सिंह राई र मुरारीबाबु श्रेष्ठको इजलासले तत्कालीन सचिव गजेन्द्र ठाकुर, तत्कालीन कार्यकारी निर्देशक रामचन्द्र देवकोटा र सूर्यराज कँडेल तथा परामर्शदाता इप्टिसाका टिम लिडर शिवकुमार शर्मा दोषी ठहर भएका छन्। आरोप लागेकामध्ये १० जनाले सफाइ पाएका छन्।

यो मुद्दामा ठाकुर र कँडेलसँग १० करोड १० लाख ६१ हजार ७५ पैसा बिगो माग गरेको छ। त्यस्तै देवकोटा शर्मासँग २ करोड ९५ लाख ६५ हजार ६०३ रुपैयाँ बिगो माग गरेको छ। इप्टिसा र बेट्स (बीइटीएस) सँग ६ करोड २१ लाख ९३ हजार ५९६ रुपैयाँ बिगो माग गरेको छ। इटालियन निर्माण कम्पनी सीएमसी भ्रष्टाचारको मतियारमा दोषी ठहर भएको छ।

» बाँकी पृष्ठ ८

## ५ वर्षपछि नेपाल-चीन संयुक्त सैन्य अभ्यास हुँदै

**शम्भु कट्टेल** | *काठमाडौं*

नेपाली सेना र चिनियाँ जनमुक्ति सेनाबीचको संयुक्त सैन्य अभ्यासको चौथो संस्करण चीनमा हुने भएको छ। कोरोना संक्रमणको जोखिम देखाउँदै २०७६ (सन् २०१९) पछि दुई मुलुकका सैनिकबीच यस्तो अभ्यास हुन सकेको थिएन। नेपाली सेना र चिनियाँ जनमुक्ति सेनाबीचको सैन्य अभ्यास असोज ५ मा सुरु हुनेछ। उक्त सैन्य अभ्यास असोज १५ सम्म चल्ने जंगी अड्डा स्रोतले जनाएको छ।

कोरोना भाइरसको संक्रमण पूर्णरूपमा हटिसकेपछि पनि चिनियाँ पक्षले जोखिम कायम रहेको भन्दै सैन्य अभ्यास सुचारु गर्नेबारे ठोस कदम चालेको थिएन। निवर्तमान प्रधानसेनापति प्रभुराम शर्माले आफ्नै कार्यकालमा नेपाल र चीनबीचको सैन्य अभ्यासको मिति टुंगो लगाउन चाहेका थिए। शर्माले चिनियाँ पक्षलाई त्यस्तै सन्देश पनि पठाएका थिए। सोहीबमोजिम दुवै मुलुकका सैनिक अधिकारी सैन्य अभ्यास गर्न तयार भएको स्रोतले बताएको छ।

सैनिक प्रवक्तासमेत रहेका सहायक रथी गौरवकुमार केसीले सैन्य अभ्यास गर्नेबारे दुवै मुलुकका सैनिक अधिकारीहरूबीच छलफल भइरहेको बताए। सैनिक प्रवक्ता केसीले अन्नपूर्णसँग भने, 'नेपाल-चीनको संयुक्त सैन्य



अभ्यास छिट्टै हुन्छ।' नेपाली सेना र काठमाडौंस्थित चिनियाँ दूतावासका अधिकारीहरूले सैन्य अभ्यासको तयारी गरिरहेका छन्।

निवर्तमान प्रधानसेनापति शर्माले उपरथी प्रेमध्वज अधिकारीलाई सैन्य अभ्यास अघि बढाउनेबारे छलफल गर्न केही समय पहिला चीन पठाएका थिए। उपरथी अधिकारी चीनबाट फर्किए लगत्तै सैन्य अभ्यासको प्रक्रिया अघि बढेको जंगी अड्डा स्रोतले बताएको छ।

'सगरमाथा फ्रेन्डसिप' नाम दिइएको नेपाली सेना र चिनियाँ जनमुक्ति सेनाबीचको संयुक्त सैन्य अभ्यास यसपटक चीनको सिचुवान प्रान्तको छेन्दु नजिकैको सहर छोडछिडमा हुनेछ। यसअघि सन् २०१९ मा उक्त सैन्य अभ्यास काठमाडौंमा भएको थियो। कोरोना संक्रमणपछि भने उक्त सैन्य अभ्यासले निरन्तरता पाएको थिएन।

» बाँकी पृष्ठ ६

### सत्तारूढ दलको बैठक

## संविधान संशोधनको विषय प्रवेश

**सुरेन्द्र काफ्ले** | *काठमाडौं*

सत्तारुढ गठबन्धनको बैठकले संविधानको संशोधनका विषयमा व्यापक छलफल चलाउने भएको छ। बालुवाटारमा बसेको सत्तारूढ दल सहभागी बैठकमा यो सरकारको निर्माणको जग नै ७ बुँदे सहमतिको आधारमा भएकाले त्यही अनुरूपमा अगाडि बढ्ने समझदारी बनेको छ।

सरकारको निर्माण क्रम भएको सहमतिको प्रमुख आधार संविधान संशोधन नै भएकाले त्यो विषयमा अनवरत रूपमा छलफल चलाउने समझदारी बनेको हो। यो बैठकले संविधान संशोधन मुद्दा प्रवेश गराएका छन्। सरकार बनेको दुई महिनापछि संविधान संशोधन गृहकार्यको सुरुवात भएको छ। गत असार ३० गते नेपाली कांग्रेस र एमाले सहितको गठबन्धनबाट केपी शर्मा ओली प्रधानमन्त्री भएका थिए।

सत्तारूढ दलको मुख्य सचेतक महेशकुमार बर्तौलाले संविधानमा भएका दुर्लभ पक्षदेखि हरेक



विषयमा व्यापक छलफल चलाउने समझदारी भएको बताए। उनका अनुसार प्रमुख विपक्ष दल नेकपा माओवादी केन्द्रले संविधान संशोधन विषयमा भ्रम सिर्जना गरेको विषयमा पनि सत्तारूढ दलको बैठकमा व्यापक छलफल भएको थियो। संविधानलाई सर्वस्वीकार्य बनाउने गरी छलफल चलाउने उनले बताए।

» बाँकी पृष्ठ ८

